# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४१८ *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- यात्रुचेक विक्री गर्दा अपनाउनुपर्ने प्रक्रिया ।

महाशय,

यात्रु चेक विक्री सम्बन्धमा देहाय वमोजिम हुने गरी व्यवस्था गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

नेपाली नागरिक, विदेशी पर्यटक तथा कूटनैतिक निकायमा कार्यरत व्यक्ति तथा अन्यलाई तहाँबाट यात्रु चेक विक्री गर्दा यात्रु चेक निष्काशन गर्ने विभिन्न बैंक तथा कम्पनीहरूको नियमानुसार खरीद पूर्जा (Purchase Slip)मा स्पष्ट विवरण खुलाई खरिदकर्ताको दस्तखत गराई एक प्रति सम्बन्धित खरीदकर्तालाई उपलब्ध गराउनुपर्नेछ ।

यात्रु चेक विक्री गर्दा जिम्मा लगाएको सम्बन्धित कर्मचारीकै सामुन्ने खरीदकर्ताले खरीद गर्न लागेको सम्पूर्ण यात्रु चेकमा अनिवार्य रुपले दस्तखत गर्न लगाउनुपर्ने र खरीदकर्ताको दस्तखत भई सकेपछि सम्पूर्ण यात्रुचेकमा दस्तखत भयो भएन रुजु गरी उक्त यात्रु चेक विक्री गर्ने निकायले तल देखाइएको नमुना अनुसारको रबर स्ट्याम्प यात्रु चेकको पछाडि एक छेउमा स्पष्टसित लगाएर मात्र खरीदकर्तालाई दिनुपर्नेछ ।

रबर स्ट्याम्पको नमुना

| |
|---|
| Issued by ................. |

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक